

# अस्ताएको एउटा घाम

बाँस्कोटा धनञ्जय
baskota69@gmail.com


## सिटी डेन्टल

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९



जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८ | सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता | राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com



ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०



❑ वर्ष-२१ ❑ अंक - १३९ ❑ २०८३ जेठ ११ गते सोमबार ❑ Friday, 25 May 2026 ❑ मूल्य ७ /-


## २ सय बढि भेडा बेपत्ता

**संखुवासभा/** संखुवासभाको मकालु गाउँपालिका-५ फोक्टेस्थित पाखुरी खोलामा गएराति आएको बाढी तथा पहिरोले ठूलो क्षति पुऱ्याएको छ । अविरल वर्षापछि खोलामा आएको बाढीले चरनमा रहेका स्थानीय दलबहादुर गुरूङका २ सय १८ भेडा बगाएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय संखुवासभाका अनुसार शनिबार राति करिब २ बजे आएको बाढी तथा पहिरोले गुरूङका २ सय ५० वटा भेडामध्ये २ सय १८ बेपत्ता भएका छन् । हालसम्म ३२ वटा भेडा मात्रै जीवित अवस्थामा फेला परेका छन् । संखुवासभाका प्रहरी प्रमुख डिएसपी कुमारप्रसाद मैनालीका अनुसार बेपत्ता भेडाको खोजी जारी रहेको छ ।

## सहकार्य गर्ने बेलायती मन्त्रीको प्रतिवद्धता

**दमक/** नेपालको तीन दिने भ्रमणमा रहेकी संयुक्त अधिराज्यका 'इण्डो प्यासिफिक' र समानतासम्बन्धी मन्त्री सीमा मल्होत्राले नेपालको शैक्षिक गुणस्तर र प्राविधिक शिक्षाको विस्तारमा आफूहरूले सहकार्य गर्ने बताएकी छन् ।

'नेपाल-ब्रिटेन चेम्बर अफ कमर्श एण्ड इण्डस्ट्रिज'द्वारा आईतबार आयोजित 'नेपालका लागि बेलायतको शैक्षिक साझेदारीको दायरा' विषयक उच्चस्तरीय छलफलमा उनले दुई देशबीचको आपसी सम्बन्धलाई अझ गाढा बनाउन सहकार्यको प्राथमिकतामा शिक्षा रहने भएकाले आफूहरूले मानवीय पुँजीका लागि लगानी गर्ने जानकारी दिइन् । शिक्षामा पहुँच विस्तार र रोजगारीलाई महत्व दिँदै अर्थतन्त्रसँग शिक्षाको अन्तरसम्बन्धलाई जोड्नुपर्ने उनको भनाइ थियो ।

# बजेट खर्च कोशीमा निराशाजनक, आम्दानी र खर्च दुवै घट्यो

पूर्वसन्देश समाचार

**दमक/** कोशी प्रदेश सरकारको चालु आर्थिक वर्ष (२०८२/०८३) को पहिलो १० महिनामा आम्दानी र खर्च दुवै घटेको छ । वैशाख मसान्तसम्मको खर्च र आम्दानीको अवस्था विगत तीन वर्षको तुलनामा कमजोर पाईएको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयले सार्वजनिक गरेको विवरण अनुसार वैशाख मसान्तसम्म प्रदेश सरकारको कुल खर्च गत वर्षको सोही अवधिको तुलनामा २१.८३ प्रतिशतले घटेको छ । प्रदेश सरकारले चालु आर्थिक वर्षका लागि जम्मा ३६ अर्ब २ करोड २ लाखको बजेट रहेको छ । जसमा चालुतर्फ १३ अर्ब ६० करोड ७ लाख, पुँजीगत तर्फ १७ अर्ब १४ करोड ३० लाख, वित्तीय व्यवस्था तर्फ १० करोड र स्थानीय तह अनुदानका लागि ५ अर्ब १७ करोड ६५ लाख रूपैयाँ विनियोजन गरिएको थियो ।

मन्त्रालय र निकायहरूको खर्च गर्ने क्षमतामा पनि ठुलो ह्रास आएको छ । बजेट निर्माण गर्ने मुख्य निकाय आर्थिक मामिला तथा योजना मन्त्रालयको खर्च प्रगति सबैभन्दा न्यून अर्थात् जम्मा ३.७३ प्रतिशतमात्र छ । यस्तै स्वास्थ्य मन्त्रालयले ४३.०६ प्रतिशत, खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालयले ४१.८० प्रतिशत, भौतिक पूर्वाधार विकास मन्त्रालयले ३२.५७ प्रतिशत, उद्योग, कृषि तथा सहकारी मन्त्रालयले ३२.५४ प्रतिशत, सामाजिक विकास मन्त्रालयले ५५.२१ प्रतिशत, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले २३.९४ प्रतिशत, आन्तरिक मामिला तथा कानुन मन्त्रालयले २७.०२ प्रतिशत र पर्यटन, वन तथा वातावरण मन्त्रालयले ४०.२५ प्रतिशत खर्च गरेको छ ।

प्रदेश सरकारले सबैभन्दा बढी खर्च चैत महिनामा गरेको छ । चैतमा मात्र २ अर्ब ४५ करोड १७ लाख रूपैयाँ खर्च भएको छ भने सबैभन्दा कम साउन महिनामा जम्मा ८ करोड २८ लाख रूपैयाँ खर्च भएको थियो । वैशाख महिनामा मात्रै २ अर्ब २ करोड ७० लाख रूपैयाँ खर्च भएको छ ।

**कमजोर पुँजीगत खर्च**

चालु आर्थिक वर्षका लागि विनियोजित बजेटमध्ये वैशाख मसान्तसम्म मात्र ३६.२९ प्रतिशत अर्थात् १३ अर्ब ७ करोड ११ लाख खर्च भएको छ । जसमध्ये पुँजीगत खर्च ३०.९१ प्रतिशत अर्थात् ५ अर्ब २९ करोड ८७ लाख, चालु खर्च ३५.५० प्रतिशत अर्थात् ४ अर्ब ८२ करोड ७७ लाख, वित्तीय व्यवस्थापन खर्च ४५.४२ प्रतिशत अर्थात् ४ करोड ५४ लाख र स्थानीय तह अनुदान ५६.०१ प्रतिशत अर्थात् २ अर्ब ८९ करोड ९३ लाख रहेको छ । जबकि गत आर्थिक वर्ष ( २०८१/०८२) को सोही अवधिमा जम्मा खर्च ४७.४ प्रतिशत र आर्थिक वर्ष २०८०/०८१ मा ४३.१ प्रतिशत बजेट खर्च भएको थियो । अघिल्लो आर्थिक वर्षमा पुँजीगत खर्च ३९.३ प्रतिशत भएको थियो ।

**आम्दानी पनि घट्यो**

कोशी प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२/०८३ का लागि निर्धारण गरेको राजस्व र अनुदान प्राप्तिको लक्ष्य भेट्टाउन पनि सकस देखिएको छ । वैशाख मसान्तसम्मको तथ्यांक अनुसार, सरकारले राखेको वार्षिक लक्ष्यको तुलनामा आम्दानीतर्फ वैशाखसम्मको प्रगति औसत ६९.४८ प्रतिशतमात्र रहेको छ ।प्रदेश सरकारले आ ै ने आन्तरिक स्रोतबाट ५ अर्ब ५० करोड रूपैयाँ उठाउने लक्ष्य राखेकोमा १० महिनाको अवधिमा ३ अर्ब ४९ करोड ६७ लाख रूपैयाँ मात्र संकलन भएको छ । यो लक्ष्यको ६३.५८ प्रतिशतमात्र हो । बाँकी ४ पेजमा ▸▸

# गोकर्णले ओलीसँग करोडौंको हिसाब मागे

**दमक/** भक्तपुरको गुण्डुस्थित पूर्व प्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी शर्मा ओलीको निवासमा केही दिन अघि बसेको एमाले केन्द्रीय सचिवालय बैठकमा पार्टीभित्रै गम्भीर आर्थिक प्रश्न उठेको छ । बैठकका क्रममा नेता गोकर्ण विष्टले अध्यक्ष ओलीसँग राज्यकोषबाट विगतमा उपचार खर्चका नाममा वितरण गरिएको करोडौं रकम एमाले पार्टीको कोषबाट किन फिर्ता गरियो भन्ने प्रश्न उठाएका हुन् ।

बैठकमा विष्टले यदि उपचार खर्च कानुनसम्मत थियो भने अहिले किन फिर्ता गर्नुपऱ्यो भन्ने प्रश्न गरे । उनले यदि त्यो खर्च गैरकानुनी थियो भने त्यसको जिम्मेवारी व्यक्तिगत रूपमा निर्णय गर्ने नेताहरूले लिनुपर्ने बताए । विष्टले पार्टीको लेबी र कार्यकर्ताको योगदानबाट संकलित रकम नेताहरूको व्यक्तिगत उपचार खर्च तिर्न प्रयोग गरिएको विषयमा नेतृत्वले स्पष्ट जवाफ दिनुपर्ने माग गरे । बैठकमा उपस्थित नेताहरूका अनुसार विष्टको प्रश्नपछि केहीबेर वातावरण तनावपूर्ण बनेको थियो। अध्यक्ष ओलीले उक्त विषयमा प्रत्यक्ष बाँकी ४ पेजमा ▸▸

## ओलीले भने-पद छाड्दीन



नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले आफ्नाविरुद्ध जति गतिविधि भए पनि पद नछाड्ने प्रष्ट जवाफ दिएका छन् । म बकाइदा चुनाव जितेर आएको हुँ, छोड्दिनँ उनले भने। ओली निवास भक्तपुरको गुण्डुमा बसेको सचिवालय बैठकमा शनिबार महासचिव शंकर पोखरेलसहित नेताहरूले चुनावी परिणाम लगायतका बाँकी ४ पेजमा ▸▸

## विपद्का घटनामा ७० को मृत्यु

**दमक/** २०८३ को वैशाखयता शनिबारसम्म भएका एक हजार ३४२ वटा विपद्जन्य घटनामा देशभर गरेर ७० जना नागरिकले ज्यान गुमाएका छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार वर्ष २०८३ को पछिल्लो ४० दिनमा उक्त घटना भएको र ३३३ जना नागरिक घाइते भएका छन् । प्राधिकरणकी प्रवक्ता शान्ति महतका अनुसार बाँकी ४ पेजमा ▸▸

## रवि भारत भ्रमणमा जाने



*__दमक/__ सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने भारत भ्रमणमा जाने भएका छन् । वालेन्द्र शाहको नेतृत्वमा रास्वपाले सरकार बनाएपछि भारत भ्रमण गर्ने लामिछाने पहिलो नेता हुनेछन्। भारतको विदेश मन्त्रालयको निमन्त्रणमा उनी अर्को साता दिल्ली जाने तय भएको हो ।*

*जुन १-२ (जेठ १८-१९) मा हुने भ्रमणको क्रममा लामिछाने र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसबीच भेट हुन सक्ने आकलन छ । तर स्रोतहरूका अनुसार अहिलेसम्म यो उच्च भेट निश्चित भइसकेको छैन । भ्रमणको क्रममा लामिछानेसँग भारतीय विदशेमन्त्री एस जयशंकर र अन्य मन्त्रीहरू, विदेश सचिव विक्रम मिश्रीसहित उच्च अधिकारीहरूसँग भेट तय भएको रास्वपाका नेताहरूले बताएका छन् । लामिछानेको यो भ्रमण पार्टीगत भएकाले उनलाई भारतको सत्तारुढ भारतीय जनता पार्टीको मुख्यालयमा स्वागत गर्ने तयारी छ ।* बाँकी ४ पेजमा ▸▸

## समाधानका लागि कांग्रेसको पहल

*__दमक/__ नेपाली कांग्रेसले कोशी प्रदेशको नामकरणपछि चर्किएको पहिचानको आन्दोलन र असन्तुष्टिलाई सर्वपक्षीय खुला संवादमार्फत सम्बोधन गर्ने घोषणा गरेको छ ।*

*सुनसरीको लौकहीमा शुक्रबार र शनिबार आयोजित दुईदिने प्रदेशस्तरीय परामर्श कार्यशालापछि कांग्रेसले २८ बुँदे 'कोशी संकल्प' सार्वजनिक गर्दै पहिचान र सामर्थ्यको बहसमा मध्यमार्गी नीति अघि सारेको हो ।*

*२०७९ फागुन १७ गते प्रदेश सभाले प्रदेशको नाम 'कोशी' राखेपछि प्रदेशभर पहिचान पक्षधर आन्दोलन चर्किएको थियो। त्यसबेला एमाले, कांग्रेस, माओवादी र राप्रपाले मिलेर नामकरण गरेका थिए। आन्दोलनका कारण कतिपय जनप्रतिनिधिलाई गाउँमा जानसमेत कठिन अवस्था बनेको थियो । यस्तो अवस्थामा कांग्रेसले पहिलोपटक औपचारिक दस्तावेजमार्फत असन्तुष्टि सम्बोधनका लागि संवादको बाटो खोल्ने घोषणा गरेको हो । नेपाली कांग्रेस केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको आयोजनामा भएको भेलामा सभापति गगन थापा, उपसभापति विश्वप्रकाश शर्मा तथा महामन्त्री गुरुराज घिमिरेलगायत नेताहरु सहभागी थिए ।*

*संकल्पपत्रमा स्थानीय सरकारलाई प्रभावकारी बनाउने विभिन्न योजना समेटिएका छन्। 'घरदलान सेवा : कोखदेखि शोकसम्म' कार्यक्रममार्फत जन्मदर्ता, मृत्युदर्ता र स्वास्थ्य बीमाजस्ता सेवा घरमै वा अनलाइनमार्फत उपलब्ध गराउने नीति कांग्रेसले अघि सारेको छ । 'लाइन होइन अनलाइन' अवधारणामार्फत सेवा प्रवाहलाई डिजिटल बनाउने प्रतिबद्धता पनि जनाएको छ ।*

*महिला सशक्तीकरणका लागि 'उद्यमी आमा' कार्यक्रम र विदेशबाट फर्किएका युवालाई उद्यमसँग जोड्न विशेष अभियान सञ्चालन गर्ने उल्लेख गरिएको छ। साथै, स्थानीय तहमा वित्तीय अनुशासन कायम गर्दै 'शून्य बेरूजु' नीति लागू गर्ने प्रतिबद्धता कांग्रेसले जनाएको छ ।*

*आर्थिक विकासतर्फ विराटनगर-इटहरी औद्योगिक करिडोरलाई विशेष आर्थिक क्षेत्रका* बाँकी ४ पेजमा ▸▸

## पत्रकार महासंघ मोरङद्वारा ११ बुँदे घोषणापत्र जारी

**विराटनगर/** पत्रकार महासंघ मोरङ शाखाको वार्षिक साधारणसभा विराटनगरमा सम्पन्न भएको छ । केही दिन अगाडि आयोजित साधारणसभाले प्रेस स्वतन्त्रता, पत्रकारको पेसागत सुरक्षा, सञ्चारमाध्यमको सञ्चालन वातावरण तथा सूचना-सञ्चार नीतिसम्बन्धी विषय समेट्दै ११ बुँदे घोषणापत्र जारी गरेको हो । घोषणापत्रमा नेपालको संविधानले सुनिश्चित गरेको पूर्ण प्रेस स्वतन्त्रतालाई व्यवहारिक रूपमा कार्यान्वयन गर्न सरकारसँग जोडदार माग गरिएको छ । संवैधानिक अधिकार भए पनि व्यवहारमा प्रेस स्वतन्त्रता अझै विभिन्न नीतिगत तथा प्रशासनिक अवरोधका कारण पूर्ण रूपमा सुनिश्चित हुन नसकेको उल्लेख गर्दै त्यसलाई कार्यान्वयन गर्न सरकारको ठोस पहल आवश्यक रहेको महासंघले जनाएको छ । साधारणसभाले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट जारी गरिएको विज्ञापनसम्बन्धी परिपत्रप्रति गम्भीर आपत्ति जनाउँदै त्यसलाई तत्काल खारेज गर्न माग गरेको छ। उक्त परिपत्रले व्यवसायिक सञ्चारमाध्यमको सञ्चालनमा प्रत्यक्ष वा अप्रत्यक्ष अवरोध सिर्जना गर्ने र सञ्चार क्षेत्रको स्वतन्त्र आर्थिक आधार कमजोर पार्ने खतरा रहेको महासंघको ठहर छ ।

स्थानीय तथा प्रदेश सरकारबाट वितरण हुने सूचना तथा विज्ञापन सम्बन्धित तहकै सञ्चारमाध्यमलाई समानुपातिक रूपमा बाँकी ४ पेजमा ▸▸

## बाँदर गाउँमा, मान्छे शहरमा

*__धनकुटा/__ बाँदरले खेती गर्ननै नसक्ने अवस्था बने पछि धनकुटाका विभिन्न गाउँ रित्ताहुँदै गएका छन् । धनकुटाको चौबिसे गाउँपालिकाको ४ नम्बर वडाबाट मात्र ९० घरबाट २ सय ७६ जना बसाइँ हिँडेका छन् । यहाँका टोल टोलनै रित्ता हुन थालेका छन् । केही वर्षअघिसम्म ३५ घर रहेको यहाँको ठूलागाउँ टोलमा अहिले टंक देवानको एउटा मात्रै घर बाँकी छ ।*

*वडा नम्बर ४ का वडाध्यक्ष लोकेन्द्र मगरका अनुसार पहिले-पहिले शिक्षा, स्वास्थ्य, बाटोघाटो, बिजुलीजस्ता पूर्वाधारका खोजीमा स्थानीयहरु गाउँ छाड्थे । तर, बिस्तारै गाउँमा विकास पुगे पनि अहिले बाँदरको बिज्याइँ थाम्न नसकेर मान्छेहरु बसाइँ सरिरहेका छन् । बसाई सर्नुको प्रमुख समस्यानै बाँदरको रहेको उनले जनाए ।*

*बसाइँ सराइकै कारण बाजथला, बाँसपानी, ठूलागाउँ, गैरीगाउँ, खानी गाउँ, कटवाल गाउँ, मानेडाँडा लगायतका स्थान खाली बन्दै गएको वडाध्यक्ष लोकेन्द्र मगर बताउँछन् । यहाँबाट हिँडेकाहरु झापा, मोरङ र सुनसरी तिर पुगेका छन् । स्वाँरा, सुरुंगी, बिष्टगाउँ र भैंसेटारको पातलो बस्ती पनि बाँदर आतंकले रित्तिँदै गएको उनले बताए ।*

*धनकुटाको साविक तेलिया गाविस वडा नम्बर ६ को मार्से, फुर्केसल्ला, तित्रीबोटे गाउँमा मात्रै ७० परिवारको बस्ती थियो । अहिले ती गाउँमा जम्मा १३ घर बाँकी छन् । सामुदायिक वनले घेरिएका भन्ज्याङ डाँडा, रमिते, मार्से* बाँकी ४ पेजमा ▸▸

## सरकार वाचापत्रमा प्रतिवद्ध : शिक्षामन्त्री

**काठमाडौं/** सरकारका प्रवक्ता शिक्षामन्त्री सस्मित पोखरेलले सरकार वाचापत्र अनुसार अघि बढिरहेको बताएका छन् । काठमाडौं क्षेत्र नम्बर ५ मा आयोजित सार्वजनिक सुनुवाइ कार्यक्रममा उनले सरकार र पार्टीले चुनावी वाचाअनुसार पहिलो महिना, सय दिन र एक वर्षभित्र गर्ने काम क्रमशः पूरा गर्दै गएको जिकिर गरे ।

देशभरका सामुदायिक विद्यालयमा पहुँचका आधारमा स्रोतसाधन वितरण हुने प्रवृत्ति रहेको उल्लेख गर्दै यसलाई वैज्ञानिक र व्यवस्थित बनाउन सरकारले देशभरका २७ हजार विद्यालयको अध्ययन सुरू गर्ने उनले जानकारी दिए । विद्यालयको भौतिक अवस्था, कक्षाकोठा, फर्निचर, खेलमैदान, शौचालयलगायत सम्पूर्ण विवरण संकलन गरी मास्टर प्लान तयार पारिने भन्दै बाँकी ४ पेजमा ▸▸


## ॐ शान्ति डेन्टल हस्पिटलका सेवाहरू

१) दाँत तथा मुख सम्बन्धी सम्पूर्ण परिक्षण उपचार तथा परामर्श सेवा
२) दाँत निकाल्ने ३) दाँत भर्ने
४) दाँतको जरैदेखि उपचार गर्ने । ५) कृतिम दाँत राख्ने ।
६) दाँतको खोल राख्ने ।
७) दाँत नभएको ठाँउमा झिक्नु नपर्ने गरी दाँत राख्ने ।
८) नमिलेको ठाउँमा टिङ्गा दाँतमा तार बान्ने ।
९) अत्याधुनिक मेसिनले दाँत सफा गर्ने ।
१०) गिजा सुनिन्ने, श्वास गन्हाउने, गिजाबाट रगत आउने तथा पाएरियाको उपचार गर्ने ।
११) Oral-Ulcer तथा Oral-Cancer को परामर्श ।
१२) मुखको साधारण सल्यक्रिया सेवा । Minor Sugery
१३) मुखको जटिल सलयक्रिया सेवा । Major Sugery
१४) दाँतको Implant गर्ने । १५ ) दाँतको OPD सेवा ।

### आवद्ध डाक्टरहरू

☞डा. हेम राज गैरे
☞डा. सि.पि. गैरे
☞डा. राहुल गुप्ता
☞डा. विवेक शिंह
☞डा. टंक न्यौपाने
☞डा. स्मारक दाहाल
☞डा. मोलिका श्रेष्ठ
☞डा. काश्मी श्रेष्ठ
☞डा. सायारा ढकाल
☞डा. अन्जली ठाकुर

### ॐ शान्ति डेन्टल हस्पिटल

दमक-५ बेलडांगी रोड, डि म्याक्स अगाडी (फोन: ०२३-५७५९०६)

# सम्पादकीय

## सुशासनको जग बलियो बनाउन खाँचो

महालेखा परीक्षकको कार्यालयले केहि दिन अघि अघिल्लो आर्थिक वर्षको प्रतिवेदन राष्ट्रपति समक्ष पेश गरि सकेको छ । सो प्रतिवेदनले स्थानीय सरकारमा देखिएको अनियमिततालाई प्रमुख चुनौतीको रूपमा देखाएको छ । नागरिकको सबै भन्दा बढि नजिकको सरकार र नागरिकसँग प्रत्यक्ष जोडिएर काम गर्ने स्थानीय सरकारहरूमानै वित्तिय अनुशासन कमजोर देखिनु पक्कै पनि सुशासनको लागिग चुनौतीको विषय हो ।

महालेखा परीक्षकको कार्यालयले हालै सार्वजनिक गरेको प्रतिवेदनले स्थानीय सरकारभित्र बढ्दो वित्तीय अनियमितता र कमजोर प्रशासनिक अनुशासनलाई गम्भीर चुनौतीका रुपमा औँल्याएको छ । संघीय शासन प्रणालीको एक दशकमा नागरिकको सबैभन्दा नजिकको सरकारका रुपमा रहेका स्थानीय तहबाट पारदर्शिता, जवाफदेहिता र प्रभावकारी सेवा प्रवाहको अपेक्षा गरिएको थियो । तर प्रतिवेदनले देखाएको अवस्थाले स्थानीय सरकारहरु अझै पनि सुशासनको मापदण्डमा पूर्ण रुपमा खरो उत्रिन नसकेको संकेत गरेको छ ।

विशेषगरी बजेट विनियोजन, खर्च व्यवस्थापन, योजनाको प्राथमिकता निर्धारण तथा सार्वजनिक खरिद प्रक्रियामा कमजोरी देखिएको उल्लेख गरिएको छ । कतिपय स्थानीय तहले कानुनी प्रक्रिया मिचेर खर्च गर्ने, एउटै योजनामा दोहोरो बजेट राख्ने, कार्यसम्पादनभन्दा कागजी प्रगति देखाउने तथा बेरूजु फछ्र्योटमा उदासीनता देखाउने प्रवृत्ति कायम रहेको प्रतिवेदनले संकेत गरेको छ । यसले संघीयताको मर्मअनुसार स्थानीय तहलाई दिइएको अधिकारको प्रयोग कति जिम्मेवार ढंगले भइरहेको छ भन्ने प्रश्न उठाएको छ ।

स्थानीय सरकारहरु नागरिकसँग प्रत्यक्ष जोडिने भएकाले यिनको कामप्रति जनविश्वास उच्च हुनु आवश्यक हुन्छ । तर वित्तीय अनुशासन कमजोर हुँदा विकास निर्माणको गुणस्तर, सेवा प्रवाहको विश्वसनीयता र समग्र प्रशासनिक प्रभावकारितामै असर पर्न सक्छ । अझ विकास बजेटको दुरूपयोग वा अपारदर्शी खर्चले भ्रष्टाचारलाई संस्थागत गर्ने खतरा पनि बढाउँछ । यस्तो अवस्था दीर्घकालीन रुपमा लोकतान्त्रिक शासन प्रणालीकै लागि चुनौती बन्न सक्छ ।यद्यपि समस्या औँल्याउनु मात्रै पर्याप्त हुँदैन । स्थानीय तहमा दक्ष जनशक्ति अभाव, लेखा प्रणालीबारे सीमित ज्ञान, राजनीतिक हस्तक्षेप तथा अनुगमन संयन्त्र कमजोर हुनु पनि यस्ता समस्याका कारण हुन् । त्यसैले समाधानका लागि संघ, प्रदेश र स्थानीय तहबीच समन्वय आवश्यक छ । नियमित आन्तरिक लेखापरीक्षण, डिजिटल वित्तीय प्रणालीको प्रभावकारी प्रयोग, सार्वजनिक सुनुवाइ तथा जनप्रतिनिधिको क्षमता अभिवृद्धि कार्यक्रमलाई प्राथमिकता दिन जरूरी देखिन्छ ।

महालेखा परीक्षकको प्रतिवेदन केवल त्रुटिको सूची मात्र होइन, सुधारको अवसर पनि हो । स्थानीय सरकारहरुले यसलाई आलोचनाका रुपमा मात्र नभई संस्थागत सुधारको आधारका रुपमा लिन आवश्यक छ । संघीय शासन प्रणालीको सफलता स्थानीय तहको पारदर्शिता, उत्तरदायित्व र सुशासनसँग प्रत्यक्ष जोडिएको छ । त्यसैले अब राजनीतिक र प्रशासनिक दुवै तहले वित्तीय अनुशासनलाई गम्भीरतापूर्वक आत्मसात् गर्दै जनविश्वास जोगाउने दिशामा ठोस कदम चाल्नुपर्ने आवश्यकता देखिएको छ ।

## हिमाल आरोहीको बढुवा

**दमक/** सगरमाथा र लोत्से हिमाल आरोहण गरेकी सहायक निरीक्षक निम दिकी शेर्पा र सगरमाथा आरोही सहायक हवल्दार अनिता कार्कीलाई एक तह बढुवा हुने भएका छन् । सहायक निरीक्षक शेर्पालाई तत्काल बढुवा प्रक्रिया अगाडि बढाईएको छ भने सहायक हवल्दार कार्कीलाई सहायक हवल्दार पदमा बढुवा भएको अवधि पुगेपछि हवल्दारमा बढुवा गरिने भएको छ ।

शुक्रबार सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय हलचोक स्वयम्भुमा राखिएको सम्मान कार्यक्रममा सशस्त्र प्रहरी महानिरीक्षक नारायणदत्त पौडेलले बढुवा गर्ने घोषणा गरेका हुन् । साथै सशस्त्र प्रहरी महानिरीक्षक पौडेलले सगरमाथा तथा लोत्से हिमालको सफलतापूर्वक आरोहण गरेका शेर्पा र कार्कीलाई बधाई दिनुकासाथै उनीहरूले विश्वको सर्वोच्च शिखरमा राष्ट्र र संगठनको झण्डा फहराउनु गर्वको विषय भएको उल्लेख गरे । अनिता कार्कीले जेठ ३ गते बिहान १० बजेर २० मिनेटमा सगरमाथाको सफल आरोहण गरेकी थिइन् भने शेर्पाले सोही दिन बिहान ११ बजेर ५५ मिनेटमा सगरमाथा र जेठ ४ गते दिउँसो ३ बजेर २५ मिनेटमा लोत्से हिमालको सफल आरोहण गरेकी थिइन् ।

# अस्ताएको एउटा घाम



बाँस्कोटा धनञ्जय
baskota69@gmail.com

पुसको कठिङ्ग्रिने जाडो । डाँडामा घाम लागेका थिए । एउटा भिरालो गाउँबाट एक घण्टा ठाडो उकालो हिंडेर बल्ल सम्मठाउँमा पुगेको फुच्चे सम्म टार देखेर मुस्कुरायो । अनि वरिपरिवाट पहाडले घेरेको बीच खाल्डोमा रहेको हरियो चौर र विद्यालय जादु जस्तै थियो । त्यो घाँसे चौर चिसो माटोको शीरमा थियो, अनि हामी पहिलो दिन नै घामका ताता किरण पिठ्यूँमा थाप्न थाल्यौं । अर्थात् हामी चौरमा घोप्टो परेर पसारियौं, अनि त्यही स्वरूपमा लेख्ने र पढ्ने गर्न थाल्यौं ।

त्यसै दिन एक जना अश्वेत बर्णको देखिन होचो होचो मान्छे हातमा चुरोट सल्काएर बेलाबेला मुखबाट धुवाँ तान्दै छोटा छोटा पाइला छिटो छिटो फड्काउँदै आए । चुच्चे टोपी थियो, सर्ट पाइन्ट र सेता जुत्ता थिए । अनि सबैले नमस्ते गरे । सात कक्षासम्मका सबै विषयहरु पढाउने अद्भूत क्षमताका धनी उहाँ नै रमेश सर हो भन्ने कुरा भरे थाहा भयो ।

उहाँले चट्टान फुटाउनुभयो, भीर भतकाउनुभयो । रानीटारको त्यो विष्म समुदाय जो एकतिर पिछडा र निम्न वर्ग छ, अर्कोतिर पुरातन विचारको महासागर छ । उहाँ ती दुवै अन्तरविरोधको बीचमा फालहान्न आइपुग्नु भयो । सुराली बनाउनुभयो, परिवार बनाउनुभयो । जग्गा किनेर रैथाने बनिनुभयो । तर उहाँको एउटा खुट्टो गरिवी र अशिक्षाका कारणले 'स्कुल किन जानु ?' भन्ने निम्न वर्गका समुदायमा चेपिएको थियो, अनि अर्को खुट्टो 'हामी जन्मजात शिक्षित हौं' भनेर आफूलाई भगवान सम्झिने वर्गमा चेपिएको थियो । त्यो ठिङ्गुरोमा थिए उहाँका दुवै खुट्टा ।

उहाँले त्यो ठिङ्गुरोबाट आफ्ना खुट्टा झिक्न नखोज्नु भएको पनि होइन । तर फलाम काट्ने समय बनिसकेको पनि थिएन । उहाँका चेतनाको राफले काट्दै थियो त्यो फलाम । उहाँको नेपाली भाषाको चेतना । विज्ञानको चेतना । गणितको चेतना । अंग्रेजी भाषाको चेतना । भूगोल र इतिहासको चेतना । संस्कृत साहित्यको चेतना । उहाँलाई यी सबै चेतनाका फूलहरूले सुशोभित देखें मैले । पछि रानीटार मावि बनेपछि पनि उहाँ माथिल्लो कक्षामा यी सबै विषयहरु पढाउनुहुन्थ्यो ।

म सम्झन्छु अहिले पनि, उहाँका वाक्यहरु । फलामै फलामले बनेको पानी जहाज समुद्रमा डुब्दैन, तर नाथे सियो चाहिं किन डुब्छ ? हामीलाई सास फेर्न र बाँच्न हावामा भएको यत्ति अक्सिजन चाहिन्छ, तर माछा पानीमा कसरी बाँच्छ ? समुद्री तटमा खानेपानीकै अभाव किन हुन्छ ? वाउ ! यस्ता प्रश्न गर्दै तिनका उत्तर उहाँले भन्दा हामी चकित हुन्थ्यौं । बालकृष्ण समका कविता, सेक्सपियरका नाटक, पाइथागोरसका गणित, माल्थसका जनसंख्या सिद्धान्त, होमरका इतिहास, रूशोका राजनीति शास्त्र एकै पटक भन्न सक्ने अद्भूत क्षमता थिएछ उहाँको । त्यो चेतना र क्षमता तमोर नदीको शीरमा सल्ला र कटुसले फनफनी बेरेको एकचेपाको गाउँबाट उदाएको थियो । त्यो सुक्खा धूलोका कणबाट चेतनाका अणुहरु निर्माण भएका थिए । नाम नलिऔं । ती परमाणुहरको लहरमा उभिएका रमेशचन्द्र मिश्र सर साँच्चि नै परमाणु हुनुहुन्थ्यो । रमेश सरका चेतनाका ती परमाणुहरु रानीटारको त्यो खाल्डोमा पाँच दशक अन्तरघुलित भए । परमाणु ऊर्जाको लागि रचनात्मक थिए, ऊर्जा नचाहनेहरूका लागि ती चेतनाहरु खुर्पाको बींड थिए ।

त्यो एकचेपाको देख्दामा नीरस भूगोल भएपनि त्यसले उमारेका टुसाहरु यति माथिसम्म फैलिए कि त्यो एकचेपा भन्ने ठाउँ नै पाँचथर जिल्लाको एउटा मिथक भनौं, अथवा एउटा आइकन बन्यो । शिक्षा र राजनीतिमा उदाएका अनेक ताराहरु अहिले पनि यो देशको पर्दामा देखिरहेका थिए र छन् । रमेश सर पनि त्यही पङ्तीमा हुनुहुन्थ्यो । एकचेपाको धूलोमा तमोरको गति नापेर हुर्किनुभएको रमेश सर हेवाँ र फेमे खोला काटेर रानीटार आउँदा थपिएका अरु अणुहरूको बुलन्द चेतना रानीटारको खाल्डोमा लिएर आउनुभएका रमेश सरले बनाएको शैक्षिक विरासत अहिले पनि सगौरव ठिङ्ग उभिएको छ ।

यी त सबै व्यक्त र पर्दामा देखिने कुरा थिए । तर त्यो निशपट्ट जंगलामूलक समाजलाई रूपान्तरण गर्न भनेर बोकेको उहाँको अर्को अश्त्र पनि थियो । त्यो थियो वर्गीय चिन्तन् र र चेतना । त्यो चेतनाले समाजको वर्ग बिभाजन र त्यसले उब्जाएको हजारौं प्रश्नहरूलाई हल गर्ने शूत्र लिएर पनि आउनुभएको थियो । त्यही भएर उहाँलाई लक्ष्मी प्रसाद देवकोटाको 'यात्री' कविता र बालकृष्ण समको 'इच्छा' कविता सारै मन पर्थ्यो । उहाँमा जोश, जाँगर र उमंग हुन्थ्यो ती कविता पढाउँदा ।

एकतिर जडशूत्रले गाँजेको ठाउँ, अर्को तर्फ निरक्षरताले निलेको । विद्यालयकै वरिपरिका केटाकेटी स्कुल आउन मान्दैनथे । अर्कोतिर सनातन धर्मको पालनकर्ताहरु त्यो शास्त्रीय संकीर्णताबाट एक इन्च पनि छोड्न चाहँदैनथे । तर ती सबै तगाराहरु भत्किए । श्राद्ध गर्ने, बर्षैभरी धार्मिक अनुष्ठानहरु गरिरहने, पूराण लगाउने, सत्यनारायणको ब्रत लगाइरहने, धार्मिक कर्मकाण्डलाई 'सबैभन्दा ठूलो उपलब्धी' मान्ने, गायत्री मन्त्र भन्ने, जनैको पानी खाने, धरो फेरेर मात्रै भात खाने, बिहान एक घण्टा पूजापाठ गर्ने, मुखमा भगवानका नामहरु प्याच्च प्याच्च आइरहनेहरु 'धर्म निरपेक्ष' मा आए । वर्गीय चिन्तनबाहेक दुनियाँमा बाँकी सबै चिन्तन 'वाइयात' हुन भन्नेहरूको पङ्तीमा उभिन पुग्यो त्यो समाज, त्यो समय । रमेश सरको त्यो चेतनाको आयामले रानीटारलाई जुरूक्कै उचालेको थियो ।

न्यूनतन् औपचारिक शैक्षिक योग्यता त सबै शिक्षकमा हुन्छ नै, तर उहाँ प्लेटोले भनेजस्तो हुनुहुन्थ्यो जसमा 'शिक्षा भनेको किताव पढेर मात्रै आउँदैन' । उहाँले ती सबै किताव पढ्नु भएको थियो कि थिएन, तर उहाँमा 'इनेट' शिक्षा थियो ।

मैले आठ बर्षको उमेरमा उसबेला रानीटार निमावि कक्षा तीन मा पढ्न जाँदा पहिलो दिन देखेको रमेश सरलाई मैले स्नातक सकेर त्यही विद्यालयमा माविको अंग्रेजी शिक्षक भएर जाँदा पनि उस्तै देखें । म पहिला उहाँको विद्यार्थी थिएँ, पछि सहकर्मी पनि भएँ, तर उहाँमा कुनै परिवर्तन थिएन त्यत्रो समय अन्तरालमा पनि । समयका कठीन रेखाहरूमा कुद्दै कुद्दै हुनुहुन्थ्यो, सोचेको पनि थिइनँ । भाइ राम बाँसकोटाको फेसबुक पोस्टमा देखें 'अल बिदा रमेश सर' ।

शिक्षा र चेतनाको एउटा पहाड ढलेको महसुस भयो । एउटा खोलो सुकेको महसुस गरेको छु । एउटा साँधु भत्किएको महसुस गरेको छु । बसाईं गएका मान्छेहरूको एउटा घर जस्तै देखेको छु । रानीटारले मान्छे त धेरै जन्मायो, तर यो उचाइको चेतना र आयाम बाँडन् सक्ने मैले कतै देखिनँ । माटोका कणकणमा रमेश सरको आवाज सुनिरहेको छु । हावाका कणकणमा रमेश सरको आवाज गुञ्जिरहेको देखेको छु । समयले निरन्तर कोर्र्रा हान्दा पनि 'आइया' भन्न पनि नपाई समयको खेतीमा, चेतनाको खेतीमा लागिरहनुभयो ।

सायद त्यो तपाईंले सिर्जाएको लय रानीटारले समातिरहने छ । समातिरहेको होला । त्यो लय तल खोल्याङ्को उकालोले पनि समातिरहेको होला । अनि माथि मानेडाँडाको चुचुरोले पनि समातिरहेको होला । अनि पारि भुसपातेको डाँडामा देखिएको क्षितिजले पनि समातिरहेको होला । हामीले टिफिनबाट भागेर गोल खेल्न जाने हाँगेडाँडाले पनि समातिरहेको होला । अनि रमेश सरलाई संधै साथ दिने हेडसर विश्णु श्रेष्ठले पनि बैकुण्ठबाट देखिरहनुभएको होला यी लयहरु ।

आज रमेश सरलाई सम्झेर यहाँलाई यिनै अक्षरहरूले श्रद्धाका फूल चढाएँ यहींबाट । परिवारजनमा गहिरो सहानुभूति छ । गौरव गर्नू रमेशसरका पाइलाहरु पछ्याएर, देखेर अनि बुझेर । नाम पनि बिर्षे अरूको, प्रकाशको याद छ ।

*रमेश सर, श्रद्धा सुमन् ! दमक, झापा*

## ३४ वर्षको प्रतिक्षापछि झोलुङ्गे पुल

**उर्लाबारी/** चौँतिस वर्षको प्रतीक्षापछि मोरङको रतुवामाई नगरपालिका-३ स्थित मिर्चाडाँगी गाउँलाई पिंढाली बजारसँग जोड्ने रतुवाखोलामा झोलुङ्गे पुल बनेको छ ।

मिर्चाडाँगी र पिंढालीका बासिन्दाले ३४ वर्षदेखि रतुवाखोलामा झोलुङ्गे पुल बनाउन माग गर्दै आएका थिए । वारिपारिका दुई गाउँ जोड्ने झोलुङ्गे पुल नहुँदा पुलपारिका बासिन्दा वर्षायाममा भारत हुँदै वडा र नगरपालिका कार्यालय आउने जाने गर्थे । सहरी विकास मन्त्रालय अन्तर्गत स्थानीय पूर्वाधार विकास विभागले 'मिर्चाडाँगी-महादेवा मल्टिस्प्यान ट्रेल ब्रिज' निर्माण गर्न थानी निर्माण सेवालाई ठेक्का दिएको थियो । ७४७ मिटर लम्बाइको झोलुङ्गे पुल भ्याटसहित १९ करोड ८२ लाख ४४ हजार ६६२ रूपियाँमा निर्माण सम्पन्न भएको हो । सम्झौता अनुसार दुई वर्षमा पुल निर्माण गरिसक्नुपर्ने थियो । २०८२ असार ११ गते भएको सम्झौतामा २०८४ असार १० गते निर्माण सम्पन्न गर्नुपर्ने उल्लेख भए पनि करिब १३ महिनाअगावै निर्माण सम्पन्न भएको निर्माण कम्पनीका प्रतिनिधि लोकबहादुर बस्नेतले बताए ।

नेपाल-भारत सीमासँग जोडिएको मिर्चाडाँगीको पश्चिम र उत्तरतर्फ मात्र नेपाल पर्छ । पुल नहुँदा वर्षायाममा रतुवाखोलामा आउने बाढीका कारण स्थानीयले ज्यान जोखिममा पारेर आवतजावत गर्नुपर्ने अवस्था थियो । रतुवाखोला र भारततर्फको सीमाले घेरिएको यो बस्ती बर्खाको समयमा नेपालसँग सम्पर्कविहीन हुने गरेको थियो । वर्षायाममा बिरामीलाई उपचार गर्न लैजान भारतको किसनगन्ज जिल्लाको फूलबारी पुगेर पैकटोल हुँदै फेरि नेपालको डोरियाबाट झुर्किया हुँदै विराटनगर जाने गरिन्थ्यो । साबिक महादेवा गाविस हाल रतुवामाई नगरपालिकाको वडा नं. ३ भएको छ । वडाध्यक्ष देवीलाल ताजपुरियाका अनुसार मिर्चाडाँगीमा डेढ सय घरधुरी छन् । गणतन्त्रपछिका जनप्रतिनिधिले बिजुलीसम्म पुऱ्याएका छन् । डेढ सयमध्ये १३ परिवार हरिजन (दलित) छन् । झोलुङ्गे पुल निर्माण सम्पन्न भएपछि मिर्चाडाँगीका बासिन्दाको दशकौँदेखिको पीडा अन्त्य भएको भन्दै सन्तोष व्यक्त गरेका छन् ।

## विद्युत उत्पादन ठप्प

**ताप्लेजुङ/** भीषण वर्षासँगै शुक्रबार राति काबेली र इन्द्रावतीखोलामा आएको बाढीका कारण काबेली 'बी-१' सहित चार वटा आयोजनाको उत्पादन ठप्प भएको छ। काबेली र इन्द्रावतीखोलामा आएको बाढीले आयोजनाको संरचनामा क्षति पु-याउँदा विद्युत् उत्पादन ठप्प भएको हो। ताप्लेजुङ र पाँचथरको सिमाना भएर बग्ने काबेलीखोलाबाट उत्पादन गरिएको दुई र इन्द्रावतीखोलाबाट उत्पादन गरिएका दुई आयोजनाको विद्युत् उत्पादन अहिले ठप्प भएको छ। इन्द्रावती पनि ताप्लेजुङ र पाँचथरकै सिमाना भएर बग्ने अर्को खोला हो। अरुण काबेली पावर लिमिटेडले काबेलीखोलाबाट उत्पादन गरेको २५ मेगावाट क्षमताको काबेली 'बी-१' आयोजनाको विद्युत् ठप्प छ।

अरुण काबेली पावर लिमिटेडका कर्मचारी लेखराज न्यौपानेका अनुसार आयोजनाको इन्टेकलगायतका संरचनामा खोलामा आएको बाढीले क्षति गरेका कारण विद्युत् उत्पादन ठप्प भएको हो। यस्तै १० मेगावाट क्षमताको काबेली 'बी-१' कै क्यासकेट जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् पनि ठप्प भएको न्यौपानेले जानकारी दिए। उनका अनुसार काबेली बी-१ जलविद्युत् आयोजनाको बाँध तथा इन्टेकमा बाढीले बगाएर ल्याएको ढुङ्गामाटो, लेदो र काठ (मुढा) थुप्रेका कारण आयोजना ठप्प भएको छ। शनिबार दिउँसोदेखि खोलामा पानीको बहाब घट्न थालेपछि इन्टेकमा थुप्रिएको ढुङ्गामुढा पन्छाउने काम भने सुरु भएको जनाईएको छ। आयोजनाको इन्टेक सफा गर्नेसँगै अन्य संरचनामा पनि क्षति हुन सक्ने भएकाले मर्मतसम्भार गरी आयोजना सञ्चालनमा आउनलाई दुई सातासम्म लाग्ने उनको भनाइ छ।

त्यस्तै रिडी हाइड्रोपावर लिमिटेडद्वारा उत्पादित ९.९ मेगावाट क्षमताको इँवाखोला जलविद्युत् आयोजनाको उत्पादनमा पनि ठप्प भएको छ। खोलामा आएको बाढीले बाँधस्थल र पाइप लाइनमा समेत सामान्य क्षति पुगेकाले उत्पादन ठप्प भएको आयोजनाले जनाएको छ। आयोजनाका अनुसार बाढीले क्षति गरेका संरचना पुनर्निर्माण गरी आयोजना सञ्चालनमा आउनलाई महिनौं लाग्ने अवस्था बनेको छ। त्यसै गरी इँवा हाइड्रोपावर लिमिटेडले इन्द्रावतीखोलाबाट नै उत्पादन गरेको ९.७ मेगावाट क्षमताको आयोजनाको उत्पादन पनि ठप्प भएको छ। इँवा हाइड्रोपावर लिमिटेडका कर्मचारी मौसम सेलिङका अनुसार खोलामा आएको बाढीले आयोजनामा निकै क्षति पु-याएको छ।

## दैनिक राशिफल

आज मिति
२०८३ साल
जेठ ११ गते
सोमबार
25 May.2026
तिथि: नवमी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८१/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | भाग्यको उदय । धन लाभ । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | यात्रामा दुःख । खर्चमा वृद्धि । |
| मिथुन | का कि कु घ ङ छ के को हा | कार्यसिद्धि । पढाइमा रुचि । |
| कर्कट | चु चे लो ला लि लँ ले लो अ | रोजगारीको अवसर । बोलीले काम बन्ने । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | आफन्तको सहयोग । धन लाभ । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | अनावश्यक खर्च । शत्रुको भय । |
| तुला | हि हु हे हो डा डि डु डे डो | आकस्मिक धनलाभ । आफन्तबाट सहयोग । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | उपहार प्राप्ति । रोजगारीको अवसर । |
| धनु | य यो भा भी भ धा फा ढ भे | कार्य सिद्धि । मान्यजनको सहयोग । |
| मकर | भो जा जी खि खू खे खो गा गी | मनमा खिन्नता । स्वास्थ्यमा समस्या । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | धार्मिक कार्यमा रुचि । व्यापारबाट लाभ । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | आर्थिक प्रगति । मित्रबाट सहयोग । |

# झापा मोडल अंग्रेजी मा.वि.को बढ्दो साख

**✎ विद्यार्थी र अभिभावकको आकर्षण ✎ गुणस्तरीय शिक्षाको केन्द्र**

झापा मोडल अंग्रेजी माध्यमिक विद्यालय दमक नगरपालिका वडा नं. ८ मा अवस्थित संस्थागत निजी विद्यालय हो । यो विद्यालयले यसपालीको एसईई परीक्षामा शतप्रतिशत विद्यार्थीलाई डिष्टिङ्क्सन ल्याएर उत्तीर्ण गराउन सफल भएको छ । ६६ जना विद्यार्थी परीक्षामा सामेल भएकोमा ३३ जनाले ए प्लस र ३३ जनाले ए प्राप्त गरेर विद्यालयको साखनै बढाइदिएका छन् । इतिहासनै रचेको यसपालीको नतिजामा विद्यार्थीहरु विनम्र भट्टराई र प्राप्ती पोखरेलले ४ जीपीए ल्याएका छन् । २०६७ देखि हालसम्म एसईईको १७ औं व्याचमा आइपुग्दा सम्म निरन्तर पाएको यस्तो सफलतासँगै झापा मोडलमा विद्यार्थी र अभिभावकको आकर्षण पनि उस्तै छ । यो विद्यालय कोशी प्रदेशमै गुणस्तरीय शिक्षाको केन्द्र बन्दै गएको छ । विद्यालयमा हाल नर्सरीदेखि कक्षा १२ सम्म पढाइ हुन्छ भने एक हजार भन्दा बढी विद्यार्थीहरु अध्ययनरत रहेको संस्थापक निर्देशक जयबहादुर श्रेष्ठले बताउनुभएको छ ।



राष्ट्रिय सेवा दल (एनसीसी क्याडेट)का विद्यार्थीहरु




नमुना संयुक्त राष्ट्रसंघको अभ्यास गर्दै विद्यार्थीहरु

**एसईई र एसएलसीमा शतप्रतिशत नतिजा :**
२०८२ को एसईई परीक्षामा ६६ जना मध्ये दुई जनाले ४ जीपीए ल्याउनुले विद्यालयको उत्कृष्टतालाई पुष्टि गर्छ । जसमा ३३ जना ३.६० जीपीए माथि (ए प्लस) र ३३ जनाले ३.२० जीपीए माथि (ए ग्रेड) ल्याएर उत्तीर्ण हुनु चानचुने कुरा होइन । यसबाट झापा मोडलको पठनपाठन र शिक्षण सिकाइ उच्चस्तरको छ भन्ने छर्लङ्ग हुन्छ ।

कक्षा १२ मा २०७१ साल देखि हालसम्म कोही पनि विद्यार्थी अनुत्तीर्ण भएका छैनन् । एसईई र एलएलसीमा शतप्रतिशत विद्यार्थी पास हुनु गौरवको कुरा हो । यसबाट विद्यार्थी मात्र होइन, अभिभावक पनि प्रसन्न देखिएका छन् । विद्यालय सञ्चालकमा थप जिम्मेवारी महशूस भएको छ ।

**मानव संशाधन र शिक्षण सिकाइ :**
झापा मोडलमा हाल ५५ जना शिक्षक शिक्षिका कार्यरत छन् । लेखा, प्रशासन र सुरक्षा गरी थप १२ जना कर्मचारी छन् । शिक्षक शिक्षिकाहरू तालिमप्राप्त, अनुभवी र आवश्यकताअनुसार उच्च शैक्षिक योग्यता साथै विषयगत दक्षता भएका छन् । अतिरिक्त क्रियाकलापका लागि संगीत र खेल लगायत विभिन्न विद्याका शिक्षक/प्रशिक्षकहरूको पनि व्यवस्था गरिएको छ । बेला बेलामा बाहिरबाट विषय विज्ञहरू ल्याएर विषयगत अभिमुखीकरण दिइने गरेको छ । शिक्षण सिकाइतर्फ मल्टिमिडिया प्रोजेक्टरबाट अध्यापन गराइने गरेको छ । प्रविधिमैत्री शिक्षा आजको आवश्यकता भन्ने नारालाई यसले सार्थकता प्रदान मात्र गरेको छैन, व्यवहारिक, प्रभावकारी र नतिजामुखी समेत बनाएको छ । शिक्षकहरूलाई विषयवस्तु र शिक्षण विधिमा अपडेट गराउन समयसमयमा तालिम दिइने गरेको छ । जसको प्रतिफल विद्यालयको कक्षा १० र १२ को शतप्रतिशत नतिजाबाटै प्रष्ट हुन्छ ।

**विद्यालयमा सेवा र सुविधा :**
झापा मोडलमा विविधतायुक्त सेवा र सुविधा प्रदान गरिन्छ । विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशाला, लाइब्रेरी, लेखा/प्रशासन कक्षको व्यवस्था, शिक्षक/शिक्षिका कक्ष, सफा चमेना गृह, शुद्ध पिउने पानीको व्यवस्था, पर्याप्त फर्निचर, बिजुली बत्ती, पंखा, तीन वटा छुट्टाछुट्टै सभाहल, ४६ वटा कक्षा कोठा, सफा शौचालय, सुरक्षा गार्डको व्यवस्था, विद्यालय हातामा सिसी क्यामेरा, यातायातका लागि तीन वटा विद्यार्थी बोक्ने बस, प्राथमिक स्वास्थ्य उपचार आदिको व्यवस्था रहेको छ ।

कक्षा ११ र १२ का चार वटा कक्षालाई चाँडै एसी जडानयुक्त बनाइँदैछ । स्मार्ट बोर्डको व्यवस्थाका लागि पनि तिब्रतर प्रबन्ध भइरहेको छ । विभिन्न खेलका लागि सामान्य मैदानको व्यवस्था छ । कम्प्युटर प्रयोगशालामा यथेष्ट कम्प्युटर विद्यार्थीका लागि रहेका छन् । विद्यालयमा सरसफाइको मिहिन व्यवस्थापन गरिएको छ ।



## श्रेष्ठ परिवारको संङ्घर्ष र क्याम्पस बनाउने लक्ष्य



**जयबहादुर श्रेष्ठ**
संस्थापक निर्देशक



**शलुजा श्रेष्ठ**
संस्थापक



**सागर श्रेष्ठ**
प्रिन्सिपल



**जस्मिन श्रेष्ठ**
स्कूल को-अर्डिनेटर

झापा मोडललाई भविष्यमा क्याम्पस तहको शिक्षा दिने उत्कृष्ट शैक्षिक गन्तव्यका रूपमा विकास गर्ने लक्ष्य रहेको संस्थापक निर्देशक जयबहादुर श्रेष्ठको बताउनुहुन्छ । प्रिन्सिपल सागर श्रेष्ठ भने प्रविधिमैत्री गुणस्तरीय विद्यालयका रूपमा विद्यार्थी र अभिभावकको आकर्षण बन्न सक्नुनै आफूहरूको मुख्य ध्येय रहेको धारणा व्यक्त गर्नुहुन्छ । २०५२ सालमा भाडाको लामो टहरमा शुरू भएको यो विद्यालय आजको सफल अवस्थामा आइपुग्नुमा श्रेष्ठ परिवारको लामो सङ्घर्ष, मेहेनत र परिश्रम परेको छ । परिवारमा अधिकांश सदस्यहरू उच्च शैक्षिक योग्यता भएका छन् । संस्थापक निर्देशक जयबहादुर श्रेष्ठ राजनीतिशास्त्र र समाजशास्त्रमा स्नातकोत्तर, प्रिन्सिपल सागर श्रेष्ठ अष्ट्रेलियाबाट स्नातकोत्तर र स्कूल को-अर्डिनेटर जस्मिन श्रेष्ठ पनि अष्ट्रेलियाबाट स्नातकोत्तर उत्तीर्ण भएर झापा मोडलको श्रीवृद्धिमा अहोरात्र खटिइरहनुभएको छ । संस्थापक निर्देशक जयबहादुर श्रेष्ठ शैक्षिक क्षेत्रका एक सामाजिक भावधाराका राष्ट्रिय व्यक्तित्व हुनुहुन्छ । त्यस्तै संस्थापक शलुजा श्रेष्ठको निरन्तरको लगावले पनि झापा मोडल अहिलेको अवस्थामा आइपुगेको हो । झापा मोडलको स्थापना, विकास र आजको गरिमा कायम गर्नमा श्रेष्ठ परिवारको महत्वपूर्ण योगदान रहेको छ, जुन शिक्षा दान र सामाजिक सेवाको भावनाबाट अभिप्रेरित छ ।

**भौतिक संरचनाको अवस्था**
*झापा मोडलको भौतिक संरचना ८ कठ्ठा क्षेत्रफलमा फैलिएको छ । पाँच तले दुई वटा भवनहरू रहेका छन् । कार्यालय र अतिथि गृहका छुट्टै भवनहरू आकर्षक र व्यवस्थित छन् । ती भवनमा तीन वटा सभाहल रहेका छन् । पूर्व-पश्चिम मुख्य राजमार्गबाट करिब ३० मिटर दक्षिणमा विद्यालय रहेकाले विद्यार्थी र अभिभावकलाई आउजाउमा विशेष सहजता छ । भवनहरू विद्यालयमैत्री रहेका छन् । जग्गा र सबै भौतिक संरचना विद्यालयका आफ्नै निजी सम्पत्ति हुन् ।*

**राष्ट्रिय अन्तर्राष्ट्रिय सम्बन्ध :**
*झापा मोडलको शैक्षिक गुणस्तर अभिवृद्धि र क्षमता विस्तारका लागि देश विदेशका विद्यालयहरूसँग साझेदारी, सहकार्य र समन्वय रहेको छ । काठमाडौंको ग्यालेक्सी पब्लिक स्कूल, रातो बङ्गला स्कूल, ब्रांइट फ्यूचर सेकेण्डरी स्कूल, माउण्ट भ्यू सेकेण्डरी स्कूलसँग लामो समयदेखिको सहकार्य र सम्बन्ध छ ।*

*त्यस्तै धनुषा जनकपुरको मोनाष्ट्री स्कूलसँग पनि सहकार्य रहेको छ । खासगरी शिक्षण सिकाइलाई तिख्खर पार्ने, शैक्षिक अवलोकन भ्रमण आदान प्रदान गर्ने र विद्यार्थीहरूलाई अभिभावकको घरमा बसाएर होम स्टे सेवा दिने कार्य यसअन्तर्गत गरिन्छ । अन्तर्राष्ट्रिय रूपमा भने अष्ट्रेलिया मेलवर्नका ग्लेन वेभर्लि प्राइमरी स्कूल र कर्पस क्रिष्टी प्राइमरी स्कूलसँग झापा मोडलको भगिनी सम्बन्ध छ । यी विद्यालयहरूसँग शिक्षण सिकाइको अभ्यासमा सहकार्य गरिँदै आएको छ । भविष्यमा शिक्षक विद्यार्थी भ्रमण आदान प्रदान पनि हुन सक्छ । अर्को देश आयरल्याण्डको सेन्ट मेरिज प्राइमरी स्कूलसँग भने भ्रमण आदान प्रदान समेत भइसकेको छ । यसबाट झापा मोडलको प्रतिष्ठा र पहिचान फराकिलो रहेको प्रष्ट हुन्छ ।*

**अतिरिक्त क्रियाकलाप र सम्मान पुरस्कार :**
*अतिरिक्त क्रियाकलाप र विद्यार्थीको व्यक्तित्व विकासमा पनि झापा मोडलले उत्तिकै ध्यान दिएको छ । विद्यालयमा राष्ट्रिय सेवा दल (एनसीसी क्याडेट), स्टुडेन्ट क्वालिटी सर्कल (एसक्यूसी), नेपाल स्काउट र विभिन्न हाउसहरूको व्यवस्था रहँदै आएको छ । कराँते, भलिबल, बास्केटबल, व्याडमिन्टन, चेस, टेबुल टेनिस, क्रिकेट र बाह्य रूपमा फुटबल खेल समेत खेलाइन्छ । वादविवाद, हाजिरीजवाफ जस्ता वौद्धिक क्रियाकलापहरूको आयोजना गरिन्छ । विभिन्न आन्तरिक र बाह्य प्रतियोगिताहरूमा उत्कृष्ट विद्यार्थीहरूलाई व्यक्तिगत र समूहगत रूपमा सहभागी गराइन्छ । वक्तृत्वकलामा त झापा मोडल देशभरिनै एउटा ब्रान्ड विद्यालयको रूपमा चिनिएको छ । हाल सम्म कृतज्ञता थापा, प्रेनुसा पाण्डे, इन्सानी खतिवडा, दिया बोहोरा, प्रतीक खनाल, प्रज्वल पाठक विनम्र भट्टराई, साम्राज्य अर्याल जस्ता वक्तृत्वकला प्रतियोगितामा प्रथम पुरस्कार ल्याउने मेधावी विद्यार्थीहरू यसै विद्यालयका हुन् । यी र यस्ता विभिन्न राष्ट्रिय, जिल्ला तथा दमक नगर स्तरीय प्रतियोगिताहरूमा विद्यालयले उल्लेख्य रूपमा सम्मान तथा पुरस्कारहरू प्राप्त गरेको रेकर्ड छ । अर्कातर्फ विद्यालयको तर्फबाट संस्थापक निर्देशक जयबहादुर श्रेष्ठले खेल प्रतिभाहरूको प्रोत्साहनका लागि दमक नगर स्तरीय तेश्रो खेल महोत्सव-२०८४ मा फुटबल विधातर्फ विजेता टोलीलाई नगद एक लाख पुरस्कार दिने घोषणा गर्नुभएको छ । यसबाट दमक नगरलाई सहयोग गरेर विद्यार्थी र खेलप्रतिभाहरूको हौसला बढाउने काम भएको छ ।*

**प्रस्तुति : पंकज दाहाल**

### एसईईमा ४ जीपीएसहित शतप्रतिशत डिस्टिङ्शनमा उत्तीर्ण




**विनम्र भट्टराई**
२०८२ को एसईईमा ४ जीपीए ल्याउने विद्यार्थी




**प्राप्ती पोखरेल**
२०८२ को एसईईमा ४ जीपीए ल्याउने विद्यार्थी



विद्यालयको कार्यक्रममा
दमक नगर प्रमुख रामकुमार थापा लगायत ।




विद्यालयमा एक कार्यक्रमको झलक ।

# प्राकृतिक विपद्लाई दृष्टिगत गर्दै पूर्व तयारीमा पृतना

**इटहरी/** मनसुनको समयमा कोशी प्रदेशमा हुन सक्ने सम्भावित प्राकृतिक विपद्लाई दृष्टिगत गर्दै नेपाली सेनाले विपद् व्यवस्थापन तथा उद्दार तयारीलाई तीव्र बनाएको छ । सोही क्रममा सुनसरीको रामधुनी नगरपालिका-७ स्थित चौसठ्ठी बिघा क्षेत्रमा रहेको रास ताल इलाकामा "एकिकृत विपद् प्रतिकार्य अभ्यास मनसुन-६" सम्पन्न गरेको छ ।श्री पूर्वी पृतना मुख्यालय अन्तर्गत श्री नं. २ बाहिनी अड्डाको आयोजनामा सम्पन्न उक्त अभ्यासमा मोरङ र सुनसरी जिल्लामा तैनाथ नेपाली सेनाका गण, गुल्म तथा सैनिक अस्पताल इटहरीसँगै नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, जिल्ला रेडक्रस सोसाइटी लगायत विभिन्न सरोकारवाला निकायहरूको सहभागिता रहेको थियो। कार्यक्रम पूर्वी पृतनापति उपरथी गौरव कुमार के.सी. को प्रमुख आतिथ्यमा सम्पन्न भएको हो ।

निकट भविष्यमा सम्भावित मनसुनजन्य विपद्लाई ध्यानमा राख्दै मोरङ र सुनसरीका तटीय क्षेत्रमा हुन सक्ने जोखिम न्यूनीकरण तथा उद्धार कार्यमा विभिन्न सुरक्षा निकायबीच समन्वय र कार्यसम्पादन प्रभावकारी बनाउने उद्देश्यले अभ्यास सञ्चालन गरिएको आयोजकले जनाएको छ ।

अभ्यासका क्रममा नेपाली सेना तथा अन्य सुरक्षा निकायहरूले संयुक्त रूपमा तीव्र बहावयुक्त नदीमा खोज तथा उद्दार, गोताखोरीमार्फत खोज तथा उद्धार, डोरीको सहायताबाट उद्धार, भत्किएका संरचनाबाट खोज तथा उद्धार, आगलागी नियन्त्रण तथा बहुसंख्यक घाइतेको उद्दार सम्बन्धी अभ्यास प्रदर्शन गरेका थिए ।

कार्यक्रम अवलोकनका लागि कोशी प्रदेश सुरक्षा समितिका पदाधिकारी, मोरङ र सुनसरीका सुरक्षा समिति, स्थानीय तहका जनप्रतिनिधि तथा विभिन्न विद्यालयका करिब १०० विद्यार्थीहरूको उपस्थिति रहेको थियो ।

समापन मन्तव्यका क्रममा प्रमुख अतिथि उपरथी गौरव कुमार के.सी.ले विपद्का बेला पहिलो २४ घण्टा अत्यन्त महत्वपूर्ण हुने उल्लेख गर्दै स्थानीय समुदायलाई "प्राथमिक उद्धारकर्ता" का रूपमा सक्षम बनाउन आवश्यक रहेको बताए । उनले समुदायस्तरमा उद्धार सम्बन्धी सीप, सचेतना र क्षमता अभिवृद्धि गर्न यस्ता कार्यक्रमलाई निरन्तरता दिनुपर्ने धारणा व्यक्त गरे ।

अभ्यासपछि सहभागी पदाधिकारीहरुले कोशी नदीअन्तर्गत बोराबाध, रासताल, प्रकाशपुर तथा कोशी कटान क्षेत्रको स्थलगत निरीक्षण समेत गरेका थिए ।

## अन्तर्राष्ट्रिय

# अमेरिकालाई युरेनियमन दिन इरानद्वारा अस्वीकार

**एजेन्सी/** अमेरिका र इजरायलबीच युद्धविराम ६० दिनसम्म थप गर्ने र यही समयमा परमाणु वार्ता सुरूवात गर्नेगरी सम्झौताको तयारी भइरहेको छ । इरानी समाचार एजेन्सी फार्सका अनुसार अमेरिका र इरानबीच तयार भइरहेको सम्झौताको मस्यौदामा अमेरिका र इजरायल इरान र उसका प्रोक्सी नेटवर्कमाथि हमला नगर्न तयार भएका छन् । यसको बदलामा इरानले पनि अमेरिका र इजरायलमाथि हमला गर्ने छैन । अमेरिकी अनलाइन एक्सियोको रिपोर्ट अनुसार यो सम्झौतामा इजरायल र हिजबुल्लाहबीच पनि युद्ध अन्त्य गर्ने विषय उल्लेख छ ।

# ५ सय बालबालिकाको मृत्यु

**एजेन्सी/** बङ्गलादेशमा फैलिएको दादुरा महामारीका कारण ५०० भन्दा बढी बालबालिकाको मृत्यु भएको छ । यो दशकौँयताकै सबैभन्दा घातक प्रकोप बनेको छ । शनिवार पनि मृत्यु सत्त्या बढिरहेको छ । त्यहाँ एकै दिनमा १३ बालबालिकाको ज्यान गएको स्वास्थ्य विभागले जनाएको छ । मार्च १५ देखि सुरू गरिएको तथ्यांकअनुसार कुल मृतक संख्या ५१२ पुगेको छ । अहिले राजधानी ढाकाका अस्पतालहरु बिरामीले भरिभराउ भएका छन् । त्यहाँ विशेष वार्ड स्थापना गरिए पनि सघन उपचार कक्ष (आईसीयू) का पर्याप्त शय्या उपलब्ध छैनन् । दादुरा अत्यन्त सङ्क्रामक भाइरल रोग हो, जुन खोकी र हाछ्युँमार्फत फैलिन्छ ।

## खेलकुद

# इटहरी मेयर कपको च्याम्पियनमा विराटनगरको ह्याट्रिक

**सुनसरी/** तेस्रो संस्करणको इटहरी मेयर कप अन्तरपालिका क्रिकेट प्रतियोगिताको उपाधि विराटनगर महानगरपालिकाले जितेको छ । शनिबार सम्पन्न फाइनल खेलमा मोरङको कटहरी गाउँपालिकालाई २७ रनले पराजित गर्दै विराटनगरले लगातार तेस्रो पटक उपाधि उचाल्दै ह्याट्रिक गरेको हो ।

यसअघि प्रतियोगिताको पहिलो र दोस्रो संस्करणको उपाधि समेत विराटनगरले नै जितेको थियो । उक्त दुबै संस्करणको फाइनलमा विराटनगरले इटहरी उपमहानगरलाई पराजित गरेको थियो ।

इटहरीस्थित डीभीएम स्कुल परिसरको खेल मैदानमा विराटनगर महानगरपालिकाले निर्धारित २० ओभरमा ५ विकेट गुमाएर १ सय ६७ रन बनाएको थियो ।

प्लेयर अफ द फाइनल विराटनगरका कप्तान फिरदोस अन्सारी घोषित हुँदै नगद १ हजार ५ सय पुरस्कार पाए । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी तथा उत्कृष्ट बलर विराटनगरका दिपेश कंडेल घोषित भए । उनले सर्वोत्कृष्ट खेलाडी बनेबापत ७ हजार रूपैयाँ तथा उत्कृष्ट बलर बनेबापत थप ४ हजार रूपैयाँ नगद पुरस्कार प्राप्त गरे । यस्तै प्रतियोगिताको उत्कृष्ट ब्याटर कटहरीका लब कामत घोषित भए । प्रतियोगिताभर १ सय १४ रन बनाएका उनले ४ हजार रूपैयाँ नगद पुरस्कार पाए ।

उपाधिसँगै विजेता विराटनगर महानगरपालिकाले ७५ हजार रूपैयाँ नगद पुरस्कार प्राप्त गर्‍यो भने उपविजेता कटहरी गाउँपालिकाले ४० हजार रूपैयाँ पायो ।

इटहरी उपमहानगरपालिकाको संयोजनमा सम्पन्न प्रतियोगिताको बिजेता तथा उपबिजेता टोलीलाई कोशी प्रदेशका सामाजिक बिकास मन्त्री रामप्रसाद मेहता र राष्टिय खेलकुद परिषदका पूर्व सदस्यसचिव केशवकुमार बिष्टले पुरस्कार बितरण गरे । आइडियल स्पोर्ट्स एकेडेमीले आयोजना गरेको प्रतियोगितामा कोशी प्रदेशका विभिन्न १२ वटा पालिकाका टोलीहरूको सहभागिता रहेको थियो ।

*विपद्......*

सबैभन्दा बढी लेक लागेर १६, चट्याङबाट १४ र आगलागीबाट ११ जनाले ज्यान गुमाएका छन् । यसैगरी, हुरीबाट ९, जनावरको आक्रमणबाट ८, सर्पदंशबाट पाँच, पहिरोबाट दुई, डुङ्गा पल्टिएर दुई तथा वन डढेलो, बाढी र हिउँपहिरोमा परेर एक/एक जनाको मृत्यु भएको छ ।

ती विपद्का घटनाबाट एक हजार ६२१ परिवार प्रभावित भएका प्राधिकरणले आज सार्वजनिक गरेको विवरणमा उल्लेख छ । विपद्जन्य घटना सत्त्या हेर्दा भने सबैभन्दा बढी आगलागीका ४८८ वटा घटना भएका छन् । यसैगरी, हुरीका २३०, चट्याङका १३९ र सर्पदंशका १०५ वटा घटना भएका छन् ।

***बाँदर****....खाँमडाँडा, रातमाटेको यो पातलो बस्तीमा बाँदर आतंककै कारण किसानले गरिखाने अवस्था छैन । छेउछाउका धेरै किसान बाँदरको पिरलो सहन नसकेर बसाइँ हिँड्ने गरेको छथर जोरपाटी-४ का वडाध्यक्ष टेकबहादुर घिसिङले बताए । बसाइँ सर्नेहरु अधिकांशले बाँदरकै उपद्रो सहन नसकेर थातथलो छोडेको उनले जनाए । उनका अनुसार अहिले बाँदरको समस्या बढेर खाँमडाँडा, मार्से, फँडिरे, कर्कले, पिप्ले हुँदै पाथीभरासम्मै फैलिएको छ ।*

*बाँदरको हैरानी सहन नसकेर थातथलो नै छाड्नेहरूको संख्या बढ्दो छ भने गाउँमै बसेर खेतीपाती गर्नेहरूले पनि उत्तिकै सास्ती भोग्नुपरेको छ । खेतबारीमा जे लगाए पनि बाँदरले सखाप पारिदिने हुनाले अहिले किसानहरु गाउँ नै छाड्ने मनस्थितिमा पुगेको बताएका छन् ।*

***ओली*****.....**विषयलाई लिएर पार्टी पुनर्गठन गर्नुपर्ने धारणा राखेका थिए। उनीहरू अब ओलीको नेतृत्वमा एमाले चल्न नसक्ने भन्दै मार्गप्रशस्त गर्न आग्रह गरेका थिए । नेताहरूले पार्टी पुनर्गठन र मार्गप्रशस्तको कुरा गरेपछि अध्यक्ष ओली आक्रामक रुपमा प्रस्तुत भएको एक पदाधिकारीले बताए। उनले एमाले नेतृत्व नछोड्ने बताए ।

# लागुऔषध नियन्त्रणमा टिकटक प्रतियोगिता

**विराटनगर/** बढ्दो लागुऔषध दुर्व्यसन नियन्त्रण र युवा पुस्तामा सचेतना फैलाउन जिल्ला प्रहरी कार्यालय मोरङले टिकटकलाई अभियानको माध्यम बनाउने भएको छ । 'लागुऔषध विरुद्धको महाअभियान २०८३' अन्तर्गत प्रहरीले टिकटक भिडियो प्रतियोगिता आयोजना गर्ने घोषणा गरेको हो ।

मोरङका प्रहरी उपरीक्षक (एसपी) कवित कटवालले आइतबार अभियानको उद्धाटन गर्दै सामाजिक सञ्जालको बढ्दो प्रयोगलाई मध्यनजर गर्दै युवाहरूलाई रचनात्मक ढङ्गले लागुऔषध विरुद्धको अभियानमा जोड्न प्रतियोगिता आयोजना गरिएको बताए । 'वर्तमान समयमा युवा पुस्तामा सामाजिक सञ्जाल, विशेष गरी टिकटकको आकर्षण निकै छ,' एसपी कटवालले भने, 'त्यसैले उनीहरूलाई नै समेटेर लागुऔषध विरुद्धको सन्देश फैलाउन यो प्लेटफर्म प्रभावकारी हुने हाम्रो विश्वास छ ।'

प्रतियोगितामा सहभागी हुन चाहनेले 'बढ्दो लागुऔषध विरुद्ध एकजुट हौं' भन्ने मूल सन्देशमा आधारित रहेर जनचेतनामूलक भिडियो तयार गर्नुपर्नेछ । जेठ १० गतेदेखि सुरु भएको यो प्रतियोगितामा इच्छुक सहभागीले जेठ मसान्तसम्म भिडियो बनाएर प्रतिस्पर्धामा भाग लिन सक्नेछन् ।

प्रतियोगितामा उत्कृष्ट हुने पाँच जनालाई नगद पुरस्कारको व्यवस्था गरिएको छ । प्रहरीका अनुसार प्रथम पुरस्कार ५० हजार रुपैयाँ रहेको छ । दोस्रो पुरस्कार ४० हजार रुपैयाँ र तेस्रो पुरस्कार ३० हजार रुपैयाँ रहेको छ । चौथो पुरस्कार २० हजार रुपैयाँ र पाँचौं पुरस्कार १० हजार रुपैयाँ रहेको छ ।

प्रतियोगिता सबैका लागि खुला गरिएको छ । सहभागी हुन इच्छुक व्यक्तिहरूले आफूले तयार पारेको भिडियो जिल्ला प्रहरी कार्यालय मोरङको आधिकारिक सम्पर्क माध्यम वा प्रहरीले तोकेको डिजिटल प्लेटफर्ममा पठाउनुपर्नेछ ।

***गोकुर्ण*****...**जवाफ नदिएको बताइएको छ । यसले पार्टीभित्र थप जिज्ञासा र असन्तुष्टि बढाएको स्रोतहरूको भनाइ छ । यस विषयमा एमाले प्रचार विभाग प्रमुख मिन बहादुर शाहीले आफूलाई पार्टी खाताबाट रकम फिर्ता गरिएकोबारे औपचारिक जानकारी नभएको बताएका छन्। उनले यसबारे पार्टीमा विस्तृत छलफल भएको जानकारी पनि आफूलाई नभएको प्रतिक्रिया दिएका छन् ।

घटनापछि एमालेभित्र रकमको स्रोत र प्रक्रियालाई लिएर विभिन्न अड्कलबाजी सुरू भएको छ। केही नेताहरूले पार्टीको वैधानिक कोषबाहेक अन्य स्रोतबाट रकम आएको हुनसक्ने आशंका व्यक्त गरेका छन् । यद्यपि यसबारे कुनै आधिकारिक पुष्टि भएको छैन । गोकर्ण विष्टले उठाएको प्रश्नले एमालेभित्र नेतृत्वको पारदर्शिता, आर्थिक उत्तरदायित्व र निर्णय प्रक्रियामाथि नयाँ बहस सुरू गराएको छ ।


## सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं ।

- जातीय, धार्मिक, सामाजिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने कार्य नगरौं,
- राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच आउने कार्य नगरौं,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा, मर्यादा र आत्मसम्मानमा ठेस पुऱ्याउने कार्य नगरौं,
- जातीय भेदभाव, छुवाछुत, श्रम र आत्मसम्मानप्रति अवहेलना हुने कार्य नगरौं,
- शान्ति सुरक्षामा खलल पुग्ने कार्य नगरौं,
- प्रचलित कानूनले रोक लगाएका सामग्रीहरुको प्रकाशन, प्रसारण र प्रदर्शन गर्ने कार्य नगरौं,
- जनमानसमा भ्रम सिर्जना गर्ने कार्य नगरौं,
- पोष्ट, शेयर, ट्याग, ह्यासट्याग गर्दा सतर्कता अपनाऔं।

**नेपाल सरकार**
विज्ञापन बोर्ड


# रोहिंगिया नेपाल प्रवेश रोक्न कडा निगरानी

दमक । भारतको पश्चिम बंगालमा रोहिंगिया र बंगलादेशी मुसलमानविरूद्ध कडाइ बढेपछि उनीहरु नेपाल प्रवेश गर्न सक्ने आशंकामा झापासहित पूर्वी सीमावर्ती नाकामा सुरक्षा निगरानी कडा पारिएको छ । जिल्ला प्रहरी कार्यालय झापाका अनुसार भारतबाट नेपाल आउने व्यक्तिलाई परिचयपत्र अनिवार्य गरिएको छ ।

भारतीय गृह मन्त्रालयले पश्चिम बंगालमा आइपीएस अजय पाल शर्मालाई नियुक्त गरेपछि त्यहाँ अवैध रूपमा बस्दै आएका रोहिंगिया र बंगलादेशी मुस्लिमहरु पलायन हुन थालेको भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन् । खुला सीमाका कारण उनीहरु नेपाल छिर्न सक्ने जोखिम बढेको सुरक्षा निकायको भनाइ छ । प्रहरीका अनुसार रोहिंगिया र बंगलादेशी नागरिकको पहिचान गर्न कठिन भएकाले सीमावर्ती क्षेत्रमा विशेष सतर्कता अपनाइएको छ । झापाका केही मुस्लिम बस्तीमा उनीहरु लुकेर बसेको हुन सक्ने आशंका गरिए पनि त्यसबारे आधिकारिक पुष्टि नभएको प्रहरीले जनाएको छ ।

यसअघि पनि बिना परिचयपत्र नेपाल प्रवेश गर्न खोज्ने दुई बंगलादेशी नागरिक काँकडभिट्टाबाट पक्राउ परेका थिए । मोरङको जोगबनी नाकासहित अन्य सीमाक्षेत्रमा समेत निगरानी बढाइएको छ । सुरक्षा निकायले अवैध घुसपैठले धार्मिक कट्टरता तथा अपराध बढ्न सक्ने चिन्ता व्यक्त गर्दै सीमा नियन्त्रणमा विशेष ध्यान दिएको जनाएको छ ।

***समाधान****...रूपमा सञ्चालन गर्ने, कृषि एम्बुलेन्स सेवा सुरू गर्ने तथा वराहक्षेत्र, पाथीभरा र हलेसीलाई जोडेर धार्मिक पर्यटन प्रवर्द्धन गर्ने योजना पनि संकल्पपत्रमा समेटिएको छ ।*

***सरकार*****.......**पोखरेलले विश्वविद्यालय क्षेत्रमा बढ्दो राजनीतिकरण अन्त्य गरी प्राज्ञिक प्रणाली विकास गर्न खुला प्रतिस्पर्धामार्फत उपकुलपति नियुक्ति प्रक्रिया अघि बढाइएको जानकारी दिनुभयो । आठ वटा विश्वविद्यालयमा खुला आवेदन माग्दा २ सय १८ जनाको आवेदन परेको भन्दै यसले सरकारको निष्पक्षताप्रति विश्वास बढेको दाबी गरे ।


Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्


***सरकार*****....**अघिल्लो वर्षको तुलनामा आन्तरिक राजस्व ७ प्रतिशतले घटेको हो । गत वर्ष यस अवधिमा ३ अर्ब ७५ करोड ९८ लाख राजस्व संकलन भएको थियो । सङ्घीय सरकारबाट प्राप्त हुने अनुदानमा पनि कमी आएको छ । सङ्घीय वित्तीय समानीकरण अनुदानमा ०.४७ प्रतिशत, सशर्त अनुदानमा १७.३७ प्रतिशत र विशेष अनुदानमा ५९.८३ प्रतिशतले गिरावट आएको छ । समग्रमा कुल राजस्व तथा अनुदान प्राप्ति गत वर्षको तुलनामा २.०८ प्रतिशतले घटेको देखिन्छ ।

***पत्रकार*****......** उपलब्ध गराउन पनि घोषणापत्रमार्फत माग गरिएको छ। साथै, सरकारले रोक्दै आएको लोककल्याणकारी विज्ञापनलाई निरन्तरता दिन र अनलाइन सञ्चारमाध्यममा समेत लागू गर्न आग्रह गरिएको छ ।

महासंघले युट्युब र सामाजिक सञ्जालमार्फत प्रसारित सामग्रीले पत्रकारिताको मूल्यमान्यता प्रभावित पारेको भन्दै ती माध्यमका सञ्चालकलाई पत्रकारिताको दायरामा ल्याउन छलफल र क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता जनाएको छ । पत्रकारको पेसागत सुरक्षा, जीउधनको रक्षा, नियुक्तिपत्र र परिचयपत्रको सुनिश्चितता तथा क्षमता अभिवृद्धिका लागि नियमित तालिम सञ्चालन गर्न सरकारसँग माग गरिएको छ। साथै, पत्रकार आचारसंहिताको पालना गराउन नियमित अभिमुखीकरण गर्ने र जिल्लाका सञ्चारमाध्यममा पारिश्रमिक तथा सेवा सुविधाको अनुगमन गर्ने प्रतिबद्धता पनि महासंघ मोरङले जनाएको छ ।

महासंघ मोरङका उपाध्यक्ष सन्तोष सिग्देलले घोषणापत्रले प्रेस स्वतन्त्रता संरक्षण र पत्रकारिताको संस्थागत विकासका लागि राज्य संयन्त्रको ध्यानाकर्षण गराएको बताए ।


## आवश्यकता

**पूर्वसन्देश दैनिक** का लागि **बजार व्यवस्थापक**को आवश्यकता परेकाले इच्छुक व्यक्तिले सम्पर्क राख्नुहोला । उमेर ३० वर्ष माथि भएका र अनुभवीलाई विशेष ग्राह्यता ।

## पार्ट टाइमको अवसर

पत्रिका सम्बन्धि विविध कामका लागि बिहान/दिउँसो २ देखि ४ घण्टासम्म पार्ट टाइम "जब"को व्यवस्था गरिएको छ । पारिश्रमिक काम र क्षमताका आधार मा समभ्फ्दारीमा निर्धारण गरिनेछ ।

**सम्पर्कका लागि**
पूर्वसन्देश दैनिकको कार्यालय
एलम्बर चौक, दमक-५, : ९८१६९९९२००


# मसाज सेन्टरबाट तीन पक्राउ


**बिर्तामोड/** बिर्तामोडका विभिन्न स्पा तथा मसाज सेन्टरमा यौन गतिविधि हुने गरेको गुनासोपछि प्रहरीले छापा मारेर तीनजना युवतीलाई पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय बिर्तामोडमा नयाँ आएका डीएसपी सन्तोष पाठकको नेतृत्वमा गरिएको कारबाहीमा आधा दर्जन स्पा तथा सैलुनमा अनुगमन गरिएको हो ।

प्रहरीले कोहिनूर, होटल आनन्द एण्ड स्पा, नेचर युनीसेक्स सैलुन एण्ड स्पा, वारियर स्पा, द अब्सुलोटे प्रोफेसनल स्पा एण्ड सैलुन तथा कर्मा स्पामा छापा मारेको थियो । पक्राउ परेकामध्ये तीनजना कर्मा स्पासँग सम्बन्धित रहेको प्रहरीले जनाएको छ ।

समाचारअनुसार केही स्पाहरूमा "हेप्पी इन्डिङ" नाममा अतिरिक्त यौन सेवासमेत दिने गरिएको आरोप छ । मसाज सेवा शुल्कबाहेक थप रकम वा टिप्स लिएर यौनजन्य गतिविधि गराइने गरेको बताइएको छ । डीएसपी पाठकले जिम्मेवारी सम्हालेको दुई दिनमै यस्तो कारबाही थालेका हुन् । प्रहरीले अब होटल, डान्सबार लगायत यौन व्यवसाय हुने आशंका गरिएका स्थानमा पनि निगरानी बढाएको जनाएको छ ।

***रवि****.........जहाँ उनले भाजपाका अध्यक्ष नितिन नवीनसँग भेटवार्ता गर्नेछन् । भारतले सत्तारुढ पार्टीका प्रमुख नेताहरूलाई विदेश मन्त्रालयको निमन्त्रणामा भ्रमण गराउँदै आएको छ । यसअघि नेपाली कांग्रेसका तत्कालीन सभापति शेरबहादुर देउवा, तत्कालीन माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले भारतीय विदेश मन्त्रालयको निमन्त्रणामा भ्रमण गरिसकेका छन् । देउवा र प्रचण्ड दुवै भाजपा मुख्यालय पनि पुगेका थिए ।*

*प्रधानमन्त्री बालेन्द्र शाहको भारत भ्रमण अनिश्चित भइरहेका बेला सभापति लामिछाने दिल्ली जान लागेका हुन् । निर्वाचनपछि दुई तिहाइ बुहमतसहित सरकार बनाएपछि रास्वपा सभापति लामिछानेको पहिलो भारत भ्रमणलाई चासोका साथ हेरिएको छ । यसअघि संसदको चौथो पार्टी र दुई पटक गृहमन्त्री भएपनि उनी भारत भ्रमणमा गएका थिएनन् ।*







**प्रधान सम्पादक/प्रकाशक**: गञ्जबहादुर दाहाल, **कार्यालय**: दमक-५, झापा, फोन: ०२३-५७०२७२, **प्रबन्धक**: सुवासचन्द्र भट्टराई, **मुद्रण**: ज्योति अफसेट प्रेस, **कार्यकारी सम्पादक**: खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com **ले-आउट**: सुरेन बस्नेत **सल्लाहकार** : पंकज दाहाल